## प्रश्न नं. ४४

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ५२४६ देखि ५२६७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

रामप्रसाद लिम्बुको जाहेरीले नेपाल सरकार

बिरुद्ध

महादेवस्थान गाउँपालिका वडा नं. ४ थानपोखरीमा बस्ने हरिदेव प्रसाद जैसवाल

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- २०७५साल मंसिर १ गतेका दिन बिहान ८ बजेको समयमा सप्तरी जिल्ला महादेवस्थान गाउँपालिका ४ थानपोखरीमा हरिदेव प्रसाद जैसवाल समेतका व्यक्तिले भाला, खुकुरी , रडले हिर्काइ घाईते बनाएकोमा उपचारको क्रममा मेरो छोरा हरिप्रसाद लिम्बुको मृत्यु भएको भन्ने समेत व्यहोरामा राम प्रसाद लिम्बुले जिल्ला प्रशासन कार्यालय सप्तरीमा दिएको जाहेरी दरखास्त ।
- हरि देव प्रसाद जैसवाल समेतले हरि प्रसाद लिम्बुलाई कुटपिट गरेको भन्ने घटनास्थल मुचुल्का ।
- साध सिमानाको विषयमा झगडा हुँदा हरि प्रसाद लिम्बुलाई कुटपिट गरेको हो भन्ने समेत व्यहोराको हरिदेव प्रसाद जैसवाल समेत जना २ को बेग्ला बेग्लै व्यहोरामा अनुसन्धान अधिकारी समक्ष भएको वयान ।
- २ इन्च गोलाईको निलडाम ,३ ईन्च लम्वाईको खोस्रिएको दाग , खप्पर र घिच्चुकमा काटिएको घाउ देखिएको लास जाँच मुचुल्का
- लक्ष्मण लिम्बु, फुलेश्वरी लिम्बु समेतले हरी देव प्रसाद जैसवाल समेतले कुटपिट गरी हरिप्रसाद लिम्बु मरेको भनी गरेको मौकाको कागज ।
- अभियुक्त हरिदेव प्रसाद जैसवाल र सिताराम जैसवालले हरि प्रसाद लिम्बुलाई साधासिमामाको विषयमा रिसइवी लिई कुटपिट गरी मारेको हुँदा मुलुकी फौजदारी अपराध सहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र
- प्रतिवादीको अदालतमा ईन्कारी बयान
- सप्तरी जिल्ला अदालतबाट भएको फैसला

उच्च अदालत राजविराजमा दायर भएको पुनरावेदन पत्र ।